कैलाली जिल्लाको लम्की मा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड द्वारा

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ४० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ फाल्गुण १० गते कैलाली जिल्लाको लम्कीचूहा न.पा १ भूरुवा मा **"ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम"** सम्पन्न गरेको संस्थाका लम्की शाखा कार्यालयका प्रमुख श्री अशोक पाठकले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री अशोक पाठक र श्री प्रेम बहादुर खडका रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका शाखा प्रमुख श्री अशोक पाठक ले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको लेखापाल प्रेम बहादूर खडका ले प्रकाश पारेका थिए ।

यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा ब्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानी खर्च, जोखिम ब्यवस्थापन, बिमा, विप्रेषण सेवा, ब्यवसायिक योजना, ब्यवसायिक योजना बनाउँदा ध्यान दिनु पर्ने कुराहरु, बचतको महत्व

तथा को पब्लिक डिपोजिटको बारेमा, संस्थाले प्रदान गरी रहेका सेवाहरु को बारेमा जानकारी हासिल गरेको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको लम्की  शाखाका शाखा प्रमुख अशोक पाठक ले बताएका थिए ।




यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौंद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ पौष मसान्त सम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाखरहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । व्यवसाय गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका लम्की कैलाली शाखाका शाखा प्रमुख श्री अशोक पाठक ले जानकारी गराएका थिए ।